**प्राज्ञिक विमर्श**, **वर्ष ७**, **अङ्क**, १३, २०८२ **वैशाख**, ISSN 2676–1297

# धर्मशास्त्रानुसार अष्टादश व्यवहारको अध्ययन

**❋ दामोदर रेग्मी**
**regmidamodar86@gmail.com**

***अध्ययनसार***

मानिसलाई अनुशासनको सूत्रमा बाँध्ने सबैभन्दा महत्त्वपूर्ण तत्त्व नै धर्म हो । संसारमा विविध धर्म र ती धर्मलाई अङ्गीकार गर्ने विभिन्न धर्मावलम्बीहरू रहेका छन् । विशेषगरी दक्षिण एसियाली क्षेत्र त्यसमा पनि दुई मुलुक नेपाल र भारतमा सबैभन्दा धेरै हिन्दू यानिकी वैदिक सत्य सनातन धर्मावलम्बीहरू रहेका छन् । सर्वप्राचीन वैदिक सनातन धर्ममा मानव जीवनमा आवश्यक पर्ने विभिन्न व्यावहारिक विषयवस्तुका बारेमा विशद् चर्चा गरिएका छन् । जसरी सृष्टि अविच्छिन्न गतिमा सञ्चालन हुनुमा ब्रह्मा, विष्णु र महेश्वरबीच अन्योन्याश्रित सम्बन्ध रहिआएको विश्वास गरिन्छ, त्यसैगरी यो समस्त मानव जगत्मा लोककल्याणका लागि नीति र नियममा रही राज्य सञ्चालन गर्न हाम्रा ऋषि महर्षिहरूले गरेको साधनाको उच्चतम देनबाट जन्मिएको धर्मशास्त्रले तत्कालीन समाजलाई धार्मिक, राजनीतिक, भौगोलिक, आर्थिक आदि विविध विषयहरूका बीच सन्तुलन कायम राखी सहज तवरले सञ्चालन गर्न आचार, व्यवहार र प्रायश्चित्त गरी तीन प्रकरणमा धर्मशास्त्रको विधान गरे । त्यस समयको राज्यव्यवस्थालाई सुशासनयुक्त र धर्मसङ्गत रूपमा अघि बढाइराख्न अठार व्यवहारको महत्त्वपूर्ण स्थान रहेको थियो । राज्य सञ्चालनार्थ राज्यको छुट्टै कानुन नभएको परिवेशमा व्यवहारहरूले नै कानुनको काम गर्ने हुँदा व्यवहारको अद्वितीय भूमिका रहेको स्पष्ट हुन्छ । अतः धर्मशास्त्रमा विधान गरिएका सबै कुराहरू वर्तमान परिप्रेक्ष्यमा उत्तिकै सान्दर्भिक नहुन पनि सक्छन् तर यसो भन्दैमा तिनीहरूको ऐतिहासिक दृष्टिकोणले अध्ययन अनुसन्धान र ती विषयहरूमा विचार-विमर्श गर्नै हुँदैन भन्ने चाहिँ छैन् । हिजोआज पनि व्यवहारका कैयन् विषयहरू धर्मशास्त्रअनुसार नै चलिरहेका छन्, जुन अहिलेका नीति निर्माताहरू एवं सामाजिक जनमानसका लागि पठनीय र अनुकरणीय पनि देखिन्छन् । व्यवहार के हो ? वर्तमान समयमा व्यवहारको औचित्य कस्तो छ ? व्यवहारका प्रकारहरू के-के हुन् ? व्यवहारहीनका लागि दण्डव्यवस्था कस्तो छ ? भन्ने कुराको निष्कर्ष यस अध्ययनमा निकालिएको छ ।

**मुख्य शब्दावली** : व्यवहार, दण्ड, पण, स्वामी, निक्षेप ।

**विषय प्रवेश**

प्राचीन हिन्दू राजनीतिक चिन्तनमा सामाजिक व्यवस्थाको सञ्चालन राज्य र राजाविना नै सम्भव थियो । सामाजिक विकासको प्रारम्भिक अवस्थामा राज्यविहीन समाजको आधार सनातन धर्म थियो । प्राचीनकालमा धर्मको आधारमा नै समाज व्यवस्था सञ्चालित थियो । त्यस समाजमा सबै मानिसहरू स्वधर्मको एवं स्वकर्तव्यको पनि पालना गर्दथे । बिस्तारै मानिसमा सत्त्व, रज गुणभन्दा पनि तम गुणको प्रवृत्ति हाबी हुँदै गयो र राज्य तथा राजाको परिकल्पना आवश्यक भयो । उद्दण्डता र दण्डहीनताको अन्त्य गर्न नै यी सबै व्यवस्थाहरू भएका हुन् । नृप र राज्य व्यवस्थाको संरचना तयार भए तापनि वर्तमानको

जस्तो कानुनी राज्य व्यवस्थाको आधार थिएन । समयक्रमसँगै बिस्तारै राज्य सुसञ्चालनका लागि ऋषिमुनिहरूले वेदोक्त मार्गको अनुसरण गर्दै व्यवहारहरूको प्रतिपादन गरे । तिनै ऋषिमुनिहरूद्वारा रचना गरिएको धर्मशास्त्रादि ग्रन्थहरूमा राज्य व्यवस्थाको सञ्चालनका लागि अत्यावश्यक व्यवस्थास्वरूपका व्यवहारहरूको उल्लेख गरियो । तत्कालीन राज्य न्यायोचित सञ्चालनार्थ धर्मशास्त्रमा उल्लेख गरिएको व्यवहारहरूको राजा वा शासकले ब्राह्मणलाई पनि साथमा लिई आफू षड् विकाररहित भएर कार्यान्वयन गर्थे र गराउँदथे ।

राजाले निष्पक्ष र भेदभावरहित वातावरणमा अष्टादश व्यवहारको कार्यान्वयन गर्थे र गराउँथे अनि सोही आधारमा दण्डव्यवस्थासमेत चलाउँथे जसका कारण समाज स्वच्छन्दरूपमा अघि बढ्न सफल रह्यो । अतः तिनै व्यवहारबारे शोधखोज एवं अध्ययन अनुसन्धान नै यस अनुसन्धानात्मक लेखको विषय हो ।

**❋लेखक स्वतन्त्र अनुसन्धानकर्ता हुन् ।**

प्राचीन राज्य व्यवस्थामा राजा वा शासकले आफू लोभ, क्रोध जस्ता दुर्गुणरहित एवं निष्पक्षसहित भएर ब्राह्मणलाई समेत साथमा लिई धर्मशास्त्रले बताए बमोजिमका व्यवहारपदका सहायताले विवादहरूको न्यायोचित समाधान गर्ने गरेको यथार्थगत व्यवहारको स्वरूप बारे चर्चा गरी समाजोपयोगी निष्कर्ष निकाल्नु

आजको आवश्यक विषय रहेको छ। प्राचीन ऋषिमुनिहरूको त्याग, तपस्या र साधनाबाट प्राप्त ज्ञानस्वरूप धर्मशास्त्रीय व्यवहारको प्रकार र स्वरूपका सेरोफेरोमा रहेर अध्ययन गर्दै विश्लेषण गर्नु नै यस लेखको समस्या कथन रहेको छ । प्रस्तुत लेखका निम्ति प्राथमिक सामग्री धर्मशास्त्रका मूलभूत ग्रन्थ नै हुन् । कतिपय तत्थ्यलाई पुष्टि गर्नका लागि धर्मशास्त्रका मूल ग्रन्थका टीका, वृत्ति, भाष्य, हिन्दी एवं नेपालीमा भएका सामग्री पनि प्रयोग गरिएका छन् । सङ्कलित सामग्रीलाई मूलतः वर्णनात्मक, गवेषणात्मक एवं विवेचनात्मक विधिमा आधारित भएर अध्ययन गरिएको छ । धर्मशास्त्रका विभिन्न विद्वानूहरूसँग गरिएको प्रश्नावलीहरूबाट प्राप्त उत्तरहरू पनि यस अनुसन्धानात्मक शोध कार्यमा समेटिएका छन् । पुस्तकालय तथा आधुनिक सञ्चारमाध्यमबाट प्राप्त अष्टादश व्यवहारसँग सम्बन्धित धर्मशास्त्रीय विषयवस्तुहरू पनि प्रयोग गरिएको छ।

**व्यवहार**

व्यवहार पदलाई धर्मशास्त्रीय प्रमाणको आधारमा अर्थ्याउँदा विवादित विषयहरूको न्यायोचित समाधान गर्नु भन्ने बुझिन्छ। धेरै भन्ने अर्थ बुझाउने वि तथा सन्देह अर्थमा प्रयोग हुने अव उपसर्गमा हटाउने अर्थमा प्रयोग हुने हार शब्दको संयोजन भई बनेको व्यवहार शब्दको शाब्दिक अर्थ विविध सन्देहको यथोचित हरण भन्ने हुन्छ। व्यवहारका कर्तावादी (आरोप लगाउने व्यक्ति) र प्रतिवादी (आरोप खेप्ने व्यक्ति) हुन्छन् । राजा (शासक) ले राज्यका विविध व्यवहारलाई क्रोध र लोभरहित भएर विद्वान् ब्राह्मणहरूलाई साथमा राखी धर्मसङ्गत तवरले निर्णय गरोस् भन्ने आधार धर्मशास्त्रीय आधार हो। यदि राजा अथवा शासक क्रोध र लोभले समन्वित छन् भने उनीहरूले आफ्नो स्वार्थसिद्ध गर्न जस्तोसुकै निच कर्म गर्न पनि सक्छन्। शास्त्र र नियमको अपव्याख्या गरेर दोषीलाई निर्दोष र निर्दोषीलाई दोषी साबित गर्न पनि सक्छन् तसर्थ राजा वा शासकको विषयमा क्रोध र लोभरहित भन्दै शास्त्रले समदर्शी व्यवहारलाई अङ्गीकार गनुपर्ने निर्देश गरेको छ।

शास्त्रोक्त पद्धतिको अवलम्बन नगरी न्याय निरूपण गरिएको खण्डमा राज्यमा अराजकता, अधर्म र दण्डहीनता फैलिन्छ। त्यसैले राजाले निर्दिष्ट पद्धतिको अवलम्बन गरेर मात्रै व्यवहार सञ्चालन गर्नुपर्दछ। शासकले यसको विपरीत कार्य गरेमा ऊ यस लोकमा अपजसबाट उत्पन्न हुने ठूलो कष्टको भागी हुने र परलोकमा समेत नरकको भागी हुनुपर्ने भनी शासकलाई पनि धर्मशास्त्रले सजक गराएको छ । न्याय निरूपण कर्ताले शास्त्रको विधिविधान अनुसार व्यवहारहरू हेरेमा वा गरेमा मात्रै राज्यमा शान्ति, सुरक्षा र अमनचयनको अवस्था सिर्जना हुन्छ । राज्यका समस्त जनताले न्यायको समान वितरण भएको प्रत्याभूत गर्न पाएमा मात्र राज्यप्रति जनताको विश्वास बढ्दै जानुका साथै राष्ट्रिय एकता पनि मजबुत हुने कुरामा धर्मशास्त्रकार सचेत छन् ।

सामान्यतया अभिषेक आदि गुणले युक्त राजाको परं धर्मलाई नै व्यवहार भनिन्छ । प्राचीनकालका मानिसहरू सत्यवादी थिए भन्ने कुरा नारदले पनि बताएका छन् । जतिबेला यो पृथ्वीमा मनु वा प्रजापतिले राज्य गर्दथे त्यतिबेला सबै मानिस धर्मकर्ममा लाग्थे अर्थात् अधर्म भन्ने कुरा उनीहरूको मनमा पनि थिएन। समयक्रमसँगै मानिसहरूमा काम, क्रोध, लोभ आदि षड्विकारको बीजारोपण हुँदै गयो, जसले गर्दा मानिसहरूमा अराजकता फैलिँदै गयो, अधर्मतर्फ आकर्षित हुँदै गए। त्यसैले अनुशासनको उच्च आवश्यकताको महसुस भएर

उनीहरूले नै राजाको व्यवस्था गरे । सृष्टि भएपछि दृष्टि हुन्छ भनेझैँ राजाको व्यवस्था गरेपछि उनीहरूको प्रमुख धर्मका बारेमा नीति नियमहरू बन्न थाले। पछि-पछि यो धर्मशास्त्रमा पनि व्यापक चर्चा र विश्लेषण गर्ने विषयका रूपमा स्थापित भयो। आचार्य पराशरले गर्नु भएको यही कुराको इËत निम्नानुसार छः

**क्षत्रीयो हि प्रजा रक्षन् शस्त्रपाणिः प्रदण्डवान् ।**
**निर्जित्य पर सैन्यानि क्षितिं धर्मेण पालयेत् ।।** (पराशरस्मृति, १/६५)

अर्थात् राजा एवं दण्ड प्रयोक्ता क्षेत्रीयको प्रमुख धर्म भनेको प्रजाको रक्षा गर्नु, शत्रुसैन्यलाई पराजित गर्नु तथा धर्म्य उपायद्वारा पृथ्वीको पालन गर्नु हो। पृथिवीको पालन गर्नु भन्नाले कुनै पनि वर्ण, समुदायका व्यक्तिहरूलाई आ-आफ्नो कर्ममा प्रवृत्त गराउनु पनि हो । यसो भन्नुको तात्पर्य कुनै ब्राह्मणले वेद आदिको अध्ययन गर्न छाडेर व्यापार आदि निषिद्ध कर्ममा लाग्छ भने उसलाई दण्ड दिनु पनि राजाको धर्म हो। समग्रमा

क्षेत्रीयहरू राजा हुने र उनीहरूले नै आफ्नो कुल, आफ्नो राज्य र जनताहरूको रक्षा एवं सम्पूर्ण जिम्मेवारी वहन गर्नुपर्ने भन्ने हुन्थ्यो । व्यवहार पनि यहीसँग सम्बन्धित छ । व्यवहारको स्वरूपबारे योगीश्वरले गर्नुभएको चर्चाको प्रमाण यसप्रकारको छः

**स्मृत्याचारव्यपेतेन मार्गेणाधर्षितः परैः ।**
**आवेदयति चेद्राज्ञे व्यवहारपदं हि तत् ॥**

अर्थात् स्मृति (धर्मशास्त्र) एवं सदाचारको विरुद्धमा आफू पीडित भएको कुरा कसैले राजाकहाँ गएर निवेदन दिन्छ भने त्यो अवस्थाबाट व्यवहारको आरम्भ हुन्छ । पीडितले दिएको वास्तविक निवेदनको माध्यमबाट मात्र व्यवहारको प्रक्रिया थालनी हुन्छ । त्यही नै वास्तविक व्यवहार हो ।

**व्यवहारका प्रकार**

व्यवहारको परिभाषाका सन्दर्भमा प्रायः सबै धर्मशास्त्रकारको मतैक्य रहेपनि सङ्ख्याको विषयमा भने धर्मशास्त्रीहरूबीच मतभिन्नता देखिन्छ । कसैले दश, कसैले बीस एवं केही विद्वान्हरूले व्यवहारका फरक-फरक सङ्ख्या निर्धारण गरे तापनि मनुको अठार व्यवहारहरू नै प्रमुख मानिन्छन् । मनुका अठार व्यवहार सर्वस्विकार्य जस्तै मानिन्छ । मनुद्वारा प्रतिपादित उक्त अठार व्यवहारहरू यसप्रकार रहेका छन् :

**तेषामाद्यमृणादानं निक्षेपो स्वामिविक्रयः ।**
**सम्भूय च समुत्थानं दत्तस्यानपकर्म च ॥**
**वेतनस्यैव चादानं संविदश्च व्यतिक्रमः ।**
**क्रयविक्रयानुशयो विवादः स्वामिपालयोः ॥**
**सीमाविवादधर्मश्च पारुष्ये दण्दवाचिके ।**
**स्तेयं च साहसं चैव स्त्रीसङ्ग्रहणमेव च ॥**
**स्त्रीपुंधर्मो विभागश्च द्यूतसमाह्वय एव च ।**
**पदान्यष्टादशैतानि व्यवहारस्थिताविह ॥** (मनुस्मृति, ८/४/७)

१. ऋणादान (ऋणको लेनदेन), २. निक्षेप (उपनिधि/नासो), ३. अस्वामिविक्रय (स्वामित्व नभएका वस्तुको बिक्री), ४. सम्भूयसमुत्थान (मिलेर गरिने कार्य/संयुक्त लगानी), ५. दत्तानपकर्म (दिएको वस्तु फिर्ता नगर्नु), ६. वेतनादान (सेवकहरूलाई वेतन/तलब नदिनु), ७. संविद्यतिक्रम (सम्झौताको उल्लङ्घन), ८. क्रयविक्रयानुशय (किनबेचमा पश्चात्ताप सम्बन्धी विवाद), ९. स्वामिपालविवाद (स्वामी/मालिक र संरक्षक/पशुपालकका बिचको विवाद), १०. सीमाविवाद (सीमाना सम्बन्धी विवाद), ११. वाक्पारुष्य (गालीगलौज), १२. दण्डपारुष्य (पिट्ने आदि), १३. स्तेन (चोरी सम्बन्धी), १४. साहस (डकैती सम्बन्धी), १५.स्त्रीसङ्ग्रह (परषुरुषका साथ व्यभिचार), १६. स्त्रीपुंधर्म (स्त्री एवं पुरुषलाई धर्ममार्गमा प्रवृत्त गराउनु अथवा पतिपत्नी बीचको असमझदारी), १७ विभाग (पैतृक आदि सम्पत्तिको विभाजन/अंशवण्डा), १८. द्यूतसमाह्वय ( चेतन अथवा अचेतन पदार्थलाई दाउमा राखिने जुवा) ।

यिनै अठार व्यवहारपदको सम्यक् प्रयोगबाट नै तात्कालिक राज्यव्यवस्थाको सुसञ्चालन हुने गरेको यथार्थलाई ऋषिमुनिहरूले स्वकीय धर्मग्रन्थमार्फत स्विकार गरेका छन् । राज्यमा घटेका घटनाहरूको छानबिनका साथै निर्दोषलाई न्याय र दोषीलाई दण्ड सजाय दिने तत्कालिन समाजको कानुन नै मुख्यतः अठार व्यवहार थिए भन्दा अत्युक्ति हुँदैन ।

**ऋणादान**

ऋणादान अठार प्रकारका व्यवहारमध्येको पहिलो व्यवहार हो । ऋणादान अर्थात् ऋणको आदान र प्रदान गर्नु नै ऋणादान हो । विज्ञानेश्वरले मिताक्षरा टिकामा नारदको वचनलाई आधार मान्दै ऋणादानसम्बन्धी सात प्रकारका व्यवहार बताउनु भएको छ । ऋणादानसम्बन्धी सात प्रकारका व्यवहार हुन् - यस प्रकारको ऋण दिन हुन्छ, यस प्रकारको ऋण दिन हुँदैन, यस अधिकारी व्यक्तिद्वारा ऋण दिनुपर्छ, यस समयमा ऋण दिनुपर्छ, यस प्रकारले ऋण दिनुपर्छ, यसरी ऋण दिनुपर्छ र यसरी ऋण असुल गर्नुपर्दछ । प्रमाण यसप्रकार रहेको छः

**ऋणं देयमदेयं च येन यत्र यथा च यत् ।**
**दानग्रहणधर्माभ्यामृणादानमिति स्मृतम् ॥**

अर्थात् यस प्रकारको ऋण दिन हुन्छ, यस प्रकारको ऋण दिन हुँदैन, यस अधिकारी व्यक्तिद्वारा ऋण दिनुपर्छ, यस समयमा ऋण दिनुपर्छ, यस प्रकारले ऋण दिनुपर्छ, यसरी ऋण दिनुपर्छ र यसरी ऋण असुल गर्नुपर्दछ भन्ने यी सबै विषय ऋणादान नामक व्यवहार भित्र पर्दछन् । आजको सन्दर्भमा पनि यी विषयहरू उत्तिकै सान्दर्भिक देखिन्छन् । ऋणादानसम्बन्धी सात प्रकारका व्यवहार अवलम्बन गरेर मात्र कार्यसम्पादन गर्नु अद्यपर्यन्त समान आवश्यकता देखिन्छ ।

**निक्षेप / उपनिधि / नासो**

अठार व्यवहारमध्येको दोस्रो व्यवहार हो निक्षेप । आफ्नो वस्तु सुरक्षित रूपमा राखिदिन अरूका जिम्मामा दिनु नै उपनिधि वा निक्षेप हो । राख्न दिइएको वस्तुबारे जानकारी गराइयो भने निक्षेप र गराइएन भने उपनिधिको व्यवहार हुन्छ । जसको प्रमाण निम्न छः

**असङ्ख्यातमविज्ञातं समुन्द्रं यन्निधीयते ।**
**तज्जानीयादुपनिधिं निक्षेप गणितं विदुः ॥** (या. समृ. २/६५ )

अर्थात् यति उति छ भनी सङ्ख्या निर्धारण नगरिकन के राख्न दिइएको हो भन्ने जानकारी पनि नदिइकन भाँडामा राखेर वा ढाकछोप गरेर जुन वस्तु राख्न दिइन्छ त्यसलाई नै उपनिधि भनेर जान्नुपर्दछ । आवश्यक सबै कुरा जानकारी गराएर अर्थात् सङ्ख्या, स्वरूप आदिको वर्णन गरी दिइएको वस्तुलाई निक्षेप भनिन्छ । आदि बताएर राष्ट्र निक्षेप हराउने, चोरी हुने, नष्ट हुने आदि भएको अवस्थामा निक्षेप नामक व्यवहार हुन्छ ।

**अस्वामिविक्रय**

अस्वामिविक्रय तेस्रो व्यवहारपद हो । अस्वामिविक्रय अर्थात् अर्काका जिम्मामा दिइएको वस्तु वा सम्पत्ति, वास्तविक स्वामीलाई थाहा नै नदिई "बिक्री गर्नु, हराउनु, चोरी हुनु, नष्ट हुनु आदि नै अस्वामिविक्रय हो ।" विज्ञानेश्वरले नारदवचनलाई उधृत गर्दै भनेका छन् :

**निक्षिप्तं वा परद्रव्यं नष्टं लब्ध्वापहृत्य वा ।**
**विक्रियतेऽसमक्षं यत्स ज्ञेयोऽस्वामिविक्रयः ॥**

अर्थात् मालिकले सुरक्षित गरी राख्न दिएको वस्तु वा सम्पत्ति मालिकको स्वीकृति विना नै बिक्री गर्नु, हराउनु, चोरी हुनु, नष्ट हुनु, आदि जानकारीरहितका कृत्य अस्वामिविक्रय हो ।

**सम्भूय समुत्थान**

अठार व्यवहारमा चारौँ स्थानको व्यवहार सम्भूय समुत्थान हो । सामूहिक रूपमा मिलेर काम गर्ने व्यापारी, नट, नर्तक आदि व्यक्तिहरूले पहिले नै निश्चित भइसकेको कामको लाभांश वा प्रतिफल लगानी वा भूमिकाका आधारमा बाँडेर लिने व्यवहार नै सम्भूय समुत्थान हो । सम्भूय समुत्थानको विषयमा योगीश्वरको मत यसप्रकार रहेको छः

**समवायेन वणिजां लाभार्थं कर्म कुर्वताम् ।**
**लाभालाभौ यथाद्रव्यं यथा वा संविदा कृतौ ॥** (याज्ञवल्क्यस्मृति २/२५९)

व्यापारीहरूले लाभांश प्राप्त गर्ने उद्देश्यले आपसमा मिलेर काम गर्दछन् भने उनीहरूले व्यापार गर्नका निमित्त लगानी गरेको पूँजीका अनुपातमा लाभ एवं हानि प्राप्त गर्दछन् । त्यसैगरी सुरूमा नै गरिएको सम्झौताअनुसार लाभ तथा हानिका हिस्सेदार हुन्छन् । दुवै अवस्था वा परिस्थितिमा सहमतिमा पूर्व निर्धारित कर्म गर्नु नै सम्भूय समुत्थान व्यवहार भनिन्छ ।

**दत्तस्यानपकर्म**

दत्तस्यानपकर्म पनि व्यवहारहरूमध्येको एक हो । दिइएको वस्तु फिर्ता नगर्नु, लेनदेनमा अनियमितता हुनु, जस्ता व्यवहार दत्तस्यानपकर्म व्यवहार हो । स्वस्थ दानी व्यक्तिद्वारा दिइएको पुनः फर्काउनु नपर्ने दानलाई दत्त भनिन्छ भने जुन दान कालान्तरमा फर्काउनु पर्ने हुन्छ त्यसलाई अदत्त भनिन्छ । दण्ड, रिस, निन्दा, रोग आदिका डरले दान दिने वा लिनेलाई चोरको दण्ड र अभिमनका कारण राजा (शासक) बाट बढी दान लिनेलाई उत्तम साहस (१०० पण) दण्ड लाग्ने कुरा कौटिल्यले कौटिल्यार्थशास्त्रमा उल्लेख गरेका छन् ।

**वेतनादान**

व्यवहारहरूमा छैटौँ व्यवहारका रूपमा वेतनादानलाई लिने गरिन्छ । वेतनादान अर्थात् पारिश्रमिक लिनेदिने भन्ने अर्थ हुन्छ । धर्मशास्त्रमा सेवकहरूलाई वेतन (तलब) दिने विधि एवं त्यसको क्रम र वेतनादानादि

विधि एवं त्यसको क्रम वर्णन गरिएको छ । उक्त विधिद्वारा तलब दिनुपर्ने भृत्यहरूलाई वेतन नदिनुलाई वेतनादान नामक व्यवहारपद भनिन्छ । वेतन दिनुपर्ने भृत्यलाई वेतन नदिएका अवस्थामा प्रस्तुत वेतनादान नामक व्यवहारपद सक्रिय हुन्छ । यही कुरामा विज्ञानेश्वरले नारदवचनलाई उद्धृत गरेका छन्

**भृत्यानां वेतनस्योक्तो दानादानाविधिक्रमः ।**
**वेतनस्यानपाकर्म तद्विवादपदं स्मृतम् ।।**

अर्थात् आफूले काम लगाइसकेपछि वेतन दिनुपर्ने भृत्यलाई वेतन नदिएमा वेतनादान नामक व्यवहारपद सक्रिय हुन्छ । राजाले सोही आधारमा दण्डको व्यवस्था गर्नुपर्छ ।

**संविदव्यतिक्रम**

अठारौँ व्यवहारमा संविदव्यतिक्रम व्यवहार सातौँ व्यवहार हो । शासक (राजा), स्थानीय सरकार, समुदाय, व्यक्ति वा दुई पक्षद्वारा बनाइएका नियम तथा सम्झौताको उल्लङ्घन नै संविदव्यतिक्रम हो । यस्ता प्रकारका व्यवहारको अनुगमन गर्न र उल्लङ्घन हुन नदिन सबै जनतालाई आआफ्नो वर्णाश्रम धर्ममा राख्न राजाले आफ्नो राज्य भित्र तीनवटै वेद पढेका ब्राह्मणहरूलाई वृत्ति दिएर राख्नुपर्दछ । यदि नियम तथा सम्झौताहरूको उल्लङ्घन गर्नु संविदव्यतिक्रम हो भने त्यस्तो अवस्थामा सक्रिय हुने व्यवहारपद संविदव्यतिक्रम हो ।

**क्रयविक्रयानुशय**

आठौँ व्यवहारको रूपमा क्रमबद्ध व्यवहार क्रयविक्रयानुशय हो । किनिने र बेचिने दुवै वस्तुमा देखिने विवादलाई क्रयविक्रयानुशय नामक व्यवहारपदले बुझाउँदछ । क्रेताले मूल्य तिरेर कुनै वस्तु किनिसकेपछि उक्त वस्तु मूल्यानुरूप नभएको भनी विवाद गर्दछ भने त्यसलाई क्रयविक्रयानुशय नामक व्यवहार भनिन्छ, भनेर नारदको वचनलाई उल्लेख गर्दै विज्ञानेश्वरले बताएका छन् । कौटिल्यले भने यस व्यवहारलाई विक्रीतक्रीतानुशय नाम दिएका छन् ।

**स्वामिपालविवाद**

मनुद्वारा संख्याबद्ध अठार व्यवहार भित्रकै नवौँ व्यवहार स्वामिपालविवाद हो । स्वामीको (पशुका मालिकको) पालकका (गाई भैंसी पाल्ने गोठालाका) साथमा र पालकको स्वामीका साथमा जुन विवाद उत्पन्न हुन्छ त्यसैलाई नै स्वामिपालविवाद नामको व्यवहारपद भनिन्छ । त्यस विवादका सम्बन्धमा धर्मतत्त्वलाई ध्यानमा राखेर विवाद निरूपण गर्नुपर्छ भनेर आचार्यहरूले निर्देश गरेका छन् । स्वामी र पालककाबीच विवाद भएमा स्वामिपालविवाद व्यवहारपद सक्रिय हुन्छ । धर्मशास्त्रानुसार दण्डको व्यवस्था गर्नु आवश्यक मानिन्छ ।

**सीमाविवाद**

दशौँ व्यवहारको रूपमा संख्याबद्ध सीमापालविवाद पनि अठार व्यवहारभित्रकै व्यवहार हो । सीमासम्बन्धी विवाद अनेक प्रकारले (अथवा अनेक प्रकारको) हुन्छ । दुईवटा देशका बिचमा, दुईवटा गाउँका बिचमा, गाउँभित्र पर्ने दुईवटा ठाउँका बिचमा र दुईवटा घरका बिचमा गरी अनेक प्रकारले जमिनका सीमाको निर्धारण गरिएको हुन्छ । उक्त सीमाहरूमा (सीमालाई विषय बनाएर) कुनै व्यक्तिले अन्य व्यक्तिसँग विवाद गर्दछ भने त्यसलाई सीमाविवाद भनिनुका साथै त्यस्तो अवस्थामा सीमाविवाद नामक व्यवहारपदअनुसार समाधान गर्नुपर्दछ ।

**दण्डपारुष्य**

दण्डपारुष्य एघारौँ व्यवहारका रूपमा स्वीकृत अठारौँ व्यवहारभित्रको एक व्यवहार हो । दण्डपारुष्य भनेको दण्डका माध्यमबाट अरूलाई दुःख दिनु वा चोट पुर्याउनु हो । कुनै एउटा पुरुषले अन्य पुरुषका शरीरमा हातले, गोडाले वा कुनै हतियार आदिले आघात पुर्याउनु भनेको शरीरमा (शारीरिक) दुःख उत्पन्न गराउनु हो । खरानी, हिलो, विष्ठा आदिले प्रहार गर्नु भनेको मनमा (मानसिक) पीडा उत्पन्न गराउनु हो । समग्रमा भन्नुपर्दा विविध दण्डमार्फत अरूका शरीरमा अथवा मनमा दुःख उत्पन्न गराउनु नै दण्डपारुष्य हो ।

**वाक्पारुष्य**

बाह्रौँ व्यवहार वाक्पारुष्य भनेको बोलीको प्रयोगद्वारा गरिने तिरस्कारपूर्ण निन्दा भन्ने बुझिन्छ । वाक्पारुष्यको स्वरूप दर्शाउने क्रममा नारदद्वारा उल्लेखित पद्यलाई विज्ञानभिक्षुले उद्धृत गरेका छन् । उद्धृत पद्यको भाव यसप्रकारको छः देश, जाति, कुल, शिल्प, आदिलाई आधार बनाएर आक्रोशपूर्ण तथा न्यËसंयुक्त एवं प्रतिकूल अर्थ भएको जुन बोली अथवा तिरस्कारपूर्ण निन्दा हुन्छ त्यसैलाई वाक्पारुष्य भनिन्छ । वाक्पारुष्य पनि

कठोर आक्षेप, अश्लील आक्षेप र तीव्र आक्षेप गरी तीन प्रकारको हुन्छ। वाक्पारुष्य अपराध जति जति ठूलो हुन्छ दण्ड पनि त्यति त्यति नै ठूलो हुन्छ।

**स्तेय**

अठारौँ व्यवहारमध्येको तेह्रौँ व्यवहार स्तेय हो । स्तेय भनेको सामान्य अर्थमा कोही नभएको बेलामा कसैले पनि थाहा नपाउने गरी गरिने चोरी हो। आफ्नो अधिकार नभएको एवं अरूका स्वामित्वमा रहेको वस्तु अरू कुनै मानिस नजिक नभएका अवस्थामा अप्रत्यक्ष रूपमा (कसैले थाहा नपाउने गरी) अपहरण (चोरी) गरिन्छ भने त्यसलाई स्तेय नामको व्यवहारपद भनिन्छ। प्रत्यक्ष नै (सीधै ) चोरी गरेर पनि मैले चोरेको होइन भनी लुकाउने कार्य गरिन्छ भने पनि स्तेय नामकै व्यवहारपद हुन्छ।

**साहस**

चौधौँ व्यवहार साहस अठार व्यवहारमध्येकै एक हो। सामान्यार्थमा साहस भनेको वस्तु धनीकै निकटमा रहेर जबर्जस्ती (साहसपूर्वक) गरिने चोरी हो अर्थात् वस्तुका मालिकका समक्षमा बलपूर्वक गरिएको चोरी (अपहरण) कार्यलाई साहस (डकैती) भनिन्छ । वस्तुका मालिकबाट बचेर (लुकेर) गरिएको हरणलाई चोरी भनिन्छ। उक्त कुरालाई मनुस्मृतिमा यसरी भनिएको छः

**स्यात् साहसं त्वन्वयवत् प्रसभं कर्म यत्कृतम्।**
**निरन्वयं भवेत्स्तेयं हृत्वापव्ययते च यत्** ॥ मनुस्मृति ८ / ३३२

राजदण्ड एवं जनाक्रोशको उल्लङ्घन (उपेक्षा) गरेर राजपुरुषभन्दा इतर मनुष्यका समक्षमा अरूलाई मार्ने, अपहरण गर्ने, परस्त्रीलाई जबर्जस्ती करणी गर्ने जस्ता जुन कार्यहरू गरिन्छन् ती सबै साहस हुन् ।

**स्त्रीसङ्ग्रह**

स्त्रीसङ्ग्रह अठार व्यवहारभित्रकै पन्ध्रौँ क्रममा बद्ध एक व्यवहार हो । स्त्री एवं पुरुषको मिथुनभाव (पति-पत्नीको स्थिति) लाई स्त्रीसङ्ग्रह भनिन्छ । व्यासले प्रथमसाहस आदि दण्डप्राप्तिलाई ध्यानमा राखेर स्त्रीसङ्ग्रहणरूप साहसलाई तीन प्रकारले विभाजन गरेका छन् भनी विज्ञानेश्वरले बताएका छन् । ती तीन साहस हुन् : स्त्रीसङ्ग्रहण प्रथम साहस, मध्यम साहस एवं उत्तम साहस। अनुचित ठाउँमा, अनुचित समयमा, मुखबाट कुनै बोली ननिकालीकन, अन्य कुनै मनुष्य नभएका अवस्थामा परस्त्रीलाई कर्के नजरले हेर्ने र उनका नजिकमा हाँस्ने कार्यलाई प्रथम साहस भनिन्छ। परस्त्रीलाई गन्ध (सुगन्धित पदार्थ), माला, धूप, आभूषण एवं वस्त्र पठाउने साथै खाने पिउने सामग्रीको प्रलोभन देखाउने आदि कार्यलाई मध्यम साहस भनिन्छ।

परस्त्रीका साथमा एकै ठाउँमा बस्ने एकान्तमा एक अर्काको आश्रय लिने र परस्परमा कपाल समात्ने ( सुमसुम्याउने) जस्ता कार्यलाई उत्तम साहस भनिन्छ। यसैलाई नै सम्यक् स्त्रीसङ्ग्रहण (परस्त्रीका साथमा गरिने व्यभिचारको अन्तिम अवस्था) भनिएको छ।

**त्रिविधं तत्समाख्यातं प्रथमं मध्यमोत्तमम्।**
**अदेशकालभाषाभिर्निर्जने च परस्त्रियाः ॥**
**कटाक्षावेक्षणं हास्यं प्रथमं साहसं स्मृतम्।**
**प्रेषणं गन्धमाल्यानां धूपभूषणवाससाम् ॥**
**प्रलोभनं चान्नपानैर्मध्यमं साहसं स्मृतम्।**
**सहासनं विविक्ते तु परस्परमुपाश्रयः ॥**
**केशाकेशीग्रहश्चैव सम्यक् सङ्ग्रहणं स्मृतम्।** (मिताक्षरा याज्ञवल्क्यस्मृति व्यवहाराध्याय, स्त्रीसद्ग्रहणप्रकरण)

**स्त्रीपुंसयोग**

सोह्रौँ व्यवहार स्त्रीपुंसयोग हो। जुन स्त्री एवं पुरुषका बिचमा विवाह आदि विधि सम्पन्न भएको हुन्छ र उनीहरूका बिचमा देखिएको विवादलाई स्त्रीपुंसयोग नामको व्यवहारपद भनिन्छ। धर्मशास्त्रीय दृष्टिकोणले स्त्री एवं पुरुषले परस्परमा अर्थी एवं प्रत्यर्थी भएर (वादी एवं प्रतिवादीका रूपमा) राजाका समक्षमा व्यवहार (विवादको निवेदन) निषिद्ध छ तर पनि प्रत्यक्ष रूपमा अथवा कर्णपरम्पराबाट स्त्री एवं पुरुषका बिचको उग्र

विवादलाई दण्डादिको प्रयोग गरेर भए पनि दम्पत्तिलाई आफ्ना धर्ममा स्थापित गराउनु पर्दछ भन्ने कुरा याज्ञवल्क्यस्मृतिको मिताक्षराटिकामा उल्लेख छ।

**दायविभाग**

सत्रौँ नम्बरमा पर्ने दायविभाग अठारौँ व्यवहारमध्ये उपान्त्य व्यवहार हो। सामान्यार्थमा दायविभाग भनेको सम्पत्तिको विभाजन हो। अनेक व्यक्तिको स्वामित्वमा रहेको वस्तु बाँडेर त्यसमा एउटा-एउटा (अलग-अलग) व्यक्तिको स्वामित्व स्थापन गर्ने कार्यलाई नै विभाग (भागबन्डा) भनिन्छ। जहाँ पुत्रहरूद्वारा पिताका सम्पत्तिको विभाग (भागबन्डा/अंशबन्डा) लगाइन्छ, त्यसलाई नै विद्वानहरूले दायभागनामक व्यवहारपद भनेका छन्।

**द्यूतसमाह्वय**

अठारौँ व्यवहारमध्येको अन्तिम व्यवहार द्यूतसमाह्वय हो। प्राणी इतर वस्तुलाई प्रण बनाएर (सर्तमा राखेर) खेलिएको जुवालाई लोकमा द्यूत भनिन्छ। त्यही सामाजिक जुवा नै कुखुरा, परेवा आदि प्राणीलाई प्रणका रूपमा राखेर खेलिन्छ भने समाह्वय भनिन्छ। जुवाखालका अध्यक्षले जुवा खेलाउने एउटा निश्चित ठाउँ तोक्नुपर्दछ। तोकिएको ठाउँबाहेक अरूतिर जुवा खेल्नेलाई बाह्र पण दण्ड तिराउनुपर्छ भनेर कौटिल्यले पनि निर्देश गरेका छन्।

**निष्कर्ष**

वर्तमान विश्वलाई हेर्दा अहिले पनि व्यवहारको निसर्त पालना गर्नुपर्ने आवश्यकता देखिन्छ, किनकि आफ्नो पक्ष नै सही छ भन्दै एकअर्काको विरोध गरिरहेका वादी र प्रतिवादीको मुद्दा जुन व्यापारद्वारा व्यवस्थित हुन्छन्, त्यही व्यापारलाई नै धर्मशास्त्रमा व्यवहार भनिएको छ। वादी (आरोप लगाउने व्यक्ति) र प्रतिवादी (आरोपित व्यक्ति) व्यवहारका कर्ता हुन्छन् भनी राजा प्राड्विवाक (न्यायाधीश) आदि व्यवहारका निरूपक अर्थात् निर्णयकर्ता हुन्छन्। आफूभन्दा भिन्न पक्षलाई दोषी देखाई आफूलाई निर्दोष साबित गराउने कथनलाई नै व्यवहार भनिन्छ। धर्मशास्त्रमा व्यवहारको प्रकारमा आचार्यहरूबीच मतैक्य नभए पनि उपर्युक्त अठार प्रकारलाई नै मुख्य मानी व्यवहार गरिएको पाइन्छ। न्याय निरूपण कर्ताले शास्त्रको विधिविधानबाट व्यवहारहरू हेरेमा मात्रै राज्यमा शान्ति, सुरक्षा र अमनचयनको अवस्था सिर्जना गर्न सक्दछ। समस्त जनताले न्यायको समान वितरण भएको प्रत्याभूत गर्न पाएमा मात्रै राज्यप्रति जनताको विश्वास बढ्दै जान्छ र राष्ट्रिय एकता पनि मजबुत हुन्छ भन्ने कुरामा धर्मशास्त्रीहरू निकै सजग देखिन्छन्।

**सन्दर्भ सामग्री**

आपस्तम्ब. आपस्तम्बगृह्यसूत्र. (सं.२०३६). श्रीमद्हरदत्तमिश्रविरचित, हिन्दीव्याख्या उमेशचन्द्रपाण्डेय, पुनर्मु›ण, वाराणसीः चौखम्बा संस्कृत संस्थान।

आश्वलायन. आश्वलायनगृह्यसूत्र. (वि.सं.२०४०).वाराणसीः चौखम्बा संस्कृत संस्थान।

पारस्कर. पारस्करगृह्यसूत्र. (वि.सं.२०४९). वाराणसीः चौखम्बा संस्कृत संस्थानः वाराणसी।

मनु. मनुस्मृति. (ई.२००७). अनु. शिवराज कौडिन्यायन, वाराणसीः चौखम्बा संस्कृत संस्थान।

याज्ञवल्क्य.याज्ञवल्क्यस्मृति (मिताक्षरा). (पुनर्मु›ण, २०६५) वाराणसीः चौखम्बा संस्कृत संस्थान।

आचार्य रामदैवज्ञ. मुहूर्तचिन्तामणि पीयूषधाराटीकासहित, (सन् १९९२) वाराणसीः मोतीलालबनारसीदास।

मित्रमिश्र. वीरमित्रोदय(संस्कारप्रकाशः)(सन् १९९५) अनु.पं.विष्णुप्रसादशर्मा, वाराणसीः चौखम्बासंस्कृतसिरीज।